आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
राकमकर्णाली, दैलेख
कर्णाली प्रदेश, नेपाल

प.सं. :- ०७४/०७५  मिति : २०७४/१२/७
च.नं. :- २३०

**अव्यबस्थित संरचनाहरु व्यबस्थि गर्ने बारेको अत्यन्त जरुरी सूचना ।**

यस नगरपालिकाको सार्वजनिक तथा सडक क्षेत्रमा बनाइएका स्थायी तथा अस्थायी संरचनाका कारण ती क्षेत्रहरुको अतिक्रमण हुनुका साथै सार्वजनिक सूरक्षा र सौन्दर्यताको दृष्टिले समेत प्रतिकुल हुने भएकाले यस नगरकार्यपालिकाको मिति २०७४/९/२१ को निर्णयानुसार त्यस्ता संरचनाहरु यो सूचना प्रकाशन भएको मितिले १ महिना भित्र सम्बन्धित निर्माणकर्ताहरुले स्वयम हटाई नगरको सौन्दर्यता र सुरक्षा बढाउने कार्यमा सहयोग गरि दिनका लागी १ महिनाको म्याद दिई मिति २०७४/९/२१ मा सूचना प्रकाशन गरिएकोमा सो अवधि सम्म सूचना अनुसारका कामहरु भएको नपाइएकाले त्यस्ता अव्यबस्थित घर, टहरा,स्थायी अस्थायी संरचनाहरु १५ दिन भित्र व्यबस्थित गर्नु हुन सम्बन्धित सबैमा पूनः अनुरोध गरिन्छ। साथै नगर क्षेत्रमा बनेका संरचनाहरु(सडक पेटी,नाली आदी) बिभिन्न उदेश्यका लागी घरधनी वा अन्य व्यक्तिहरुले भत्काएको भएमा पूर्ववत अवस्थामा निर्माण गर्नु हुन समेत जानकारी गराइन्छ । सो अवधी सम्म त्यस्ता संरचनाहरु नहटाएमा वा भत्काएका संरचना पून : निर्माण नगरेमा नगरपालिकाले नियमानुसार कारवाही अघि बढाई नगर क्षेत्रलाई व्यबस्थित गर्ने व्यहोरा समेत यसै सूचना द्वारा सम्बन्धित सबैलाई जनकारी गराइन्छ ।

...........................
(मातृका प्रसाद भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०८९-६९०४७५, ६९०५०९, ६९०५१०, ईमेल: aathabismun@gmail.com,Website : aathabismun.gov.np